# मटिहानी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
धिरापुर, महोत्तरी

प्रदेश नं. २, नेपाल

**विषय :- पोखरी ठेक्का बन्दोवस्त सम्वन्धी सूचना । सूचना ।। सूचना ।।।**

**(प्रथम पटक प्रकाशित मिति २०७५।१२।०६)**

यस मटिहानी नगरपालिका अधिनस्त तपसिलमा उल्लेखित पोखरीहरुको ठेक्का बन्दोवस्त गर्न नगर कार्यपालिकाको मिति २०७५।११।०६ गतेको निर्णयानुसार मिति **२०७६ बैशाख ०१ गते देखि २०७८ चैत्र मसान्त** सम्म जम्मा अवधि लगभग वर्ष-३ (तिन) को लागि माछा पालन गर्नको निमित्त सिलबन्दी दरभाउपत्रद्धारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रही मिति २०७५।१२।२१ गते दिनको १२:०० बजे भित्र कवुल अंकको ५% (पाँच प्रतिशत) रकम माछापुच्छ्रे बैंक लि.मटिहानी स्थित नगर कार्यपालिकाको धरौटी खाता नं. ग-३-६८-०१-५२४-६०८६६३-०४-८ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु. १०।-को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस मटिहानी नगर कार्यपालिकाको कार्यालय, धिरापुरमा दर्ता गराउनु होला र सो सिलबन्दी दरभाउपत्रहरु सोहि दिन अर्थात मिति २०७५।१२।२१ गते दिनको १:०० बजे खोलिने छ । सिलबन्दी दरभाउपत्र खोलिने बखत ठेकेदार आफै वा आफै उपस्थित हुन नसकेमा लिखित वारिसनामा मार्फत वारिस उपस्थित हुनुपर्नेछ , सो अनुसार उपस्थित नभई थाहा पाईन भन्ने पछि कसैको उजूरी नलाग्ने ब्यहोरा समेत सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्द्र) दिन २०७५।१२।२० गते भित्र रु.१,०००।- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयवाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलीपी वा सक्कलै अनिवार्य रुपले दिनु पर्नेछ ।

२) प्रत्येक पोखरीको छुट्टाछुट्टै दरभाउपत्र फारम भर्नुपर्नेछ अर्थात प्रत्येक पोखरीको छुट्टाछुट्टै ठेक्का बन्दोवस्त हुनेछ ।

३) तल उल्लेखित पोखरीहरुको निम्न बमोजिमको न्यूनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ । नगरपालिकाको कवोल अंक भन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ ।

| आय ठेक्का नं. | पोखरीको नाम | पोखरी रहेको स्थान | ३(तिन) वर्षको न्यूनतम मोल | ठेक्काको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| ५/०७५।०७६ | चमराही | मटिहानी-८,बहुअर्वा | ६,००,०००।- | माछा पालन | |
| ६/०७५।०७६ | खतबैया | मटिहानी-८,बहुअर्वा | ३,७५,०००।- | माछा पालन | |
| ७/०७५।०७६ | मखनहीया | मटिहानी-८,सिमरदही | ६,००,०००।- | माछा पालन | |
| ८/०७५।०७६ | धोबियाही | मटिहानी-८,सिमरदही | १,५०,०००।- | माछा पालन | |
| ९/०७५।०७६ | गंगासागर पोखरी | मटिहानी ६,मटिहानी | ३,००,०००।- | माछा पालन र मखान खेती | |
| १०/०७५।०७६ | धर्मशाला पोखरी | मटिहानी २,बरदाहा | १५,००,०००।- | माछा पालन | ४ फिट भन्दा बढी पानी भएमा कृषि कार्यको लागि प्रयोग गर्न दिनुपर्नेछ । |
| ११/०७५।०७६ | ब्रम्हस्थान पोखरी | मटिहानी २,बरदाहा | ६,००,०००।- | माछा पालन | " " " |
| १२/०७५।०७६ | कब्रिस्थान पोखरी | मटिहानी २,बरदाहा | ३,००,०००।- | माछा पालन | " " " |

४) मटिहानी नगर कार्यपालिकाको कार्यालयवाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।

५) दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्ट सँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।

६) न.पा. को रकम कलम बाँकी रहेका ब्यक्ति वा ठेकेदार तथा फर्महरु ले न.पा. को रकम कलम चुक्ता नगरे सम्म निजलाई दरभाउपत्र फारम दिईने छैन् ।

७) मटिहानी नगरपालिकावाट प्राप्त निर्देशनलाई सम्वन्धित ठेकेदारले पूर्णरुपले पालन गर्नु पर्नेछ ।

८) नेपाल सरकार तथा स्थानीय सरकारलाई तिर्नुपर्ने कर ठेकेदार स्वयंले नै तिर्नुपर्नेछ ।

९) पोखरीको आकार प्रकारमा कुनै किसिमको परिवर्तन गर्न पाईने छैन् ।

१०) पोखरीको सरसफाई तथा साना तिना मर्मत र संरक्षण ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

११) तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खालिने छ ।

१२) धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिन्हा दिइनेछ ।

१३) नगरपालिकाले कुनै पनि अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन् ।

१४) पोखरीमा कुनै किसिमको विषादी वा दैवी प्रकोप भएमा ठेकेदार स्वयंले जिम्मेवारी लिनुपर्नेछ ।

१५) किस्ताको हकमा छौमासिक किस्ता हुनेछ । ठेक्का अवधि भित्र प्रत्येक वर्ष पहिलो किस्ता - बैशाख महिना र दोश्रो किस्ता कार्तिक महिना भित्र बुझाउनु पर्नेछ । नवुझाएको खण्डमा ठेक्का बदर गरी अर्को ब्यवस्था भै जानेछ ।

१६) ठेक्का लिने ब्यक्तिले चलन पूर्जी उठाउने अगावै ठेक्का लिएको रकम वरावरको रकम र ठेक्का मान्य अवधि सम्मको बैक ग्यारेन्टी वा परफरमेन्स वण्ड वा धनजमानी राख्नु पर्नेछ ।

१७) ठेक्का सदर भएको ७ (सात) दिन भित्र छौमासिक किस्ता बुझाई सकेपछि चलन पूर्जी दिईनेछ । सो म्याद भित्र चलन पूर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ ।

१८) म्याद नाघी र रित्त नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन् ।

१९) ठेकका सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

२०) यस सुचना मा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

२१) यस सम्वन्धी अन्य कुरा जानकारी लिनुपर्न भएमा यस नगर कार्यपालिकाको कार्यालय, धिरापुर ,महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्नेछ ।

सावन कुमार चौधरी